**Group of Helping Hands (SAHAS) Nepal**
**सहयोगी हातहरुको समूह (सहास) नेपाल**

मितिः २०७९/५/२०

## कर्मचारी आवश्यकता

सहयोगी हातहरुको समूह (सहास) नेपाल सन् १९९६ मा स्थापना भएको एक राष्ट्रिय स्तरको गैर सरकारी संस्था हो । हाल संस्थाले विभिन्न २२ वटा जिल्लाहरुमा विभिन्न परियोजनाहरु सञ्चालन गर्दै आईरहेको छ । विशेषतः यस संस्थाले कृषि, खाद्य सुरक्षा, प्राकृतिक स्रोत व्यवस्थापन, जलवायु परिवर्तन, सामुदायिक शसक्तिकरण, सामुदायिक परिचालन, वहस पैरवी, विपदव्यवस्थापन र भौतिक पुर्वाधारसंग सम्बन्धित परियोजनाहरु संचालन गर्दै आएको छ ।

संस्थाले बाजुरा, अछाम, कैलाली, कालिकोट, मुगु, ओखलढुङ्गा र उदयपुर जिल्लाको कमश बुढीगंगा, ढकारी, कैलारी, तिलागुफा, रारा छायांनाथ, सिद्धिचरण, उदयपुरगढी नगर तथा गाउँपालिकाहरुमा स्थानिय प्रयासमा खाद्य सुरक्षा रुपान्तरण परियोजना ३ बर्षको लागि संचालन गर्दैछ। सिमान्तकृत साना किसान समुदायका खाद्य सुरक्षा सुधार र पोषणको अवस्था सुधारको लागि र जलबायू उत्थानशिलताको लागि सहजिकरण गर्ने परियोजनाको मुख्य उद्धेश्य रहेको छ । बुढीगंगा, ढकारी, कैलारी, तिलागुफा, रारा छायांनाथ, सिद्धिचरण, उदयपुरगढी नगर तथा गाउँपालिकाहरुमा काम गर्ने गरी सहास नेपालद्धारा निम्नपदहरुका लागि प्रतिवद्ध नेपाली नागरिकहरुबाट दरखास्त आव्हान गरीएको छ ।

**परीयोजना** :स्थानिय प्रयासमा खाद्य सुरक्षा रुपान्तरण परियोजना

**कार्य क्षेत्रः** बाजुरा, अछाम, कैलाली, कालिकोट, मुगु, ओखलढुङ्गा र उदयपुर जिल्लाको कमश बुढीगंगा, ढकारी, कैलारी, तिलागुफा ,रारा छायांनाथ, सिद्धिचरण, उदयपुरगढी नगर तथ ागाउँपालिकाहरु

१. पदः **कृषि प्राविधिक**

सख्याः १३

**योग्यता र अनुभव** :

- कृषि सहायक प्राविधिक (JTA) उत्तीर्ण
- कम्तिमा ३ बर्ष विषयसंग सम्बन्धित काम गरेको अनुभव भएको हुनुपर्ने ।
- कृषि विषयसंग सम्वन्धित तालिम संचालन गर्ने सीप भएको
- सामाजिक परिचालनको अनुभव भएको हुनुपर्ने ।
- स्थानीय भाषा बुझ्न र बोल्न सक्ने ।
- नेपालीमा प्रतिबेदन लेख्ने सीप हुनुपर्ने

**मुख्य जिम्मेवारीहरुः**

- कृषि लगायत सामाजिक परिचालनसंग सम्बन्धित बिषयहरुमा तालिम आयोजना र सहजिकरण गर्ने
- संचालित कृयाकलापको अनुगमन तथा प्रतिबेदन तयार गर्ने
- स्थानिय स्तारमा कृषी, खाद्य सुरक्षा र पोषणसंग प्रत्यक्ष अप्रत्यक्ष सम्बन्ध राख्ने विभिन्न गतिविधिको तथ्यहरु संकलन गर्ने र स्थानिय श्रोत साधन र सिपको अधिकतम  परिचालन र सो सम्बन्धि कृयाकलाप कार्यन्वयन गर्न सहजिकरण गर्ने
- गाउँ तथा वडा पालिकाका बिभिन्न बिषयगत शाखा कार्यालयसंगको समन्वयमा काम गर्ने ।
- कृषिसंग सम्बन्धित असल अभ्यास स्थानिय रैथाने बालिविरुवाहरुको संम्रक्षण,सम्बर्धन र प्रर्बधनको लागि समुदायलाई सहजिकरण गर्ने

**२.पदः** स्वाथ्य प्राविधिक (ANM)

**संख्या :** ७ जना

**योग्यता र अनुभव :**

- स्वास्थ्य प्राबिधिक(ANM)
- कम्तिमा ४बर्ष  सो बिषयसंग सम्बन्धित रही काम गरेको अनुभव प्राप्त हुनुपर्ने ।
- सामुदायिक परीचालन र समूहमा कार्यक्रम संचालन गरेको अनुभव भएको हुनुपर्ने ।
- स्थानीय भाषा बोल्न सक्ने ।
- नेपालीमा कम्प्यूटरमा प्रतिबेदन तयार गर्ने सीप हुनुपर्ने

**मुख्यजिम्मेवारीहरु :**

- स्वास्थ्य सरसफाइ र पोषण लगायत समूह परिचालनसंग सम्बन्धित बिषयहरुमा तालिम आयोजना र सहजिकरण गर्ने
- संचालित कृयाकलापको अनुगमन तथा प्रतिबेदन तयार गर्ने
- समुदायमा स्थानिय खाद्य सुरक्षा र पोषणसंग प्रत्यक्ष अप्रत्यक्ष सम्बन्ध राख्ने विभिन्न गतिविधिको तथ्यहरु संकलन गर्ने  र स्थानिय श्रोत साधनको अधिकतम  परिचालन र कृयाकलाप कार्यन्वयन गर्न सहजिकरण गर्ने
- गाउँतथा वडा पालिकाका बिभिन्न बिषयगत शाखा कार्यालयसंगको समन्वयमा काम गर्ने ।

**३. पदः** प्राबिधिक -एसिस्टेन्ट सब इन्जिनियर

**संख्या :** ३ जना

**योग्यता र अनुभव :**

- प्राबिधिक -एसिस्टेन्ट सब इन्जिनिअर
- कम्तिमा ४ बर्ष सम्म सो बिषयसंग सम्बन्धित रही काम गरेको अनुभव प्राप्त हुनुपर्ने ।
- कम्प्यूटरमा सर्भे,डिजाइन र स्टमेट गर्न सक्ने,Autocrat चलाउने सिप भएको ।
- स्थानीय भाषा बोल्न सक्ने ।
- नेपालीमा कम्प्यूटरमा प्रतिबेदन लेख्न सक्ने. सीप हुनुपर्ने

**मुख्यजिम्मेवारीहरु :**

- कम्प्यूटरमा सर्भे डिजाइन, स्टमेट गर्ने,
- आधारभूत मर्मत सम्भार तालिम संचालन गर्ने
- संचालन गरेका योजनाको अनुगमन तथा प्रतिबेदन तयार पार्ने
- स्थानिय श्रोत साधान र सिपको अधिकतम परिचालन गर्ने
- समुदायमा स्थानिय भौतिक पूर्बधारका कार्यकम प्रत्यक्ष अप्रत्यक्ष सम्बन्ध राख्ने विभिन्न गतिविधि, तथ्यहरु संकलनगर्ने र सो सम्बन्धि कृयाकलाप कार्यन्वयन गर्न सहजिकरण गर्ने
- समुहले तयार गरेको कार्ययोजना कार्यान्वयनका लागि बिभिन्न निकायसंग समन्व्य गर्ने गराउने।

**४. पद:** पैरवि तथा साझेदार सहजकर्ता

**संख्या :** ५ जना

**योग्यता र अनुभव :**

- पैरवितथा साझेदार सहजकर्ता एइ ए पास
- कम्तिमा ३ बर्ष बिषयसंग सम्बन्धित रही सामाजिक परिचालनमा काम गरेको अनुभव प्राप्त हुनुपर्ने ।
- पैरविगर्ने सिपको अनुभव भएको हुनुपर्ने ।
- स्थानीय भाषा बुझ्ने र बोल्न सक्ने हुनुपर्ने ।
- कम्प्यूटरमा नेपालीमा प्रतिबेदन लेख्ने सीप हुनुपर्ने

**मुख्यजिम्मेवारीहरु :**

- समूह ,मुल समिति र संजाल संस्थाको तथ्याङ्क अध्याबधिक गर्ने संस्थागत क्षमता विकासको लागि बैठक तथा तालिम सहजिकरण गर्ने

GROUP OF HELPING HANDS - NEPAL
20 YEARS WITH COMMUNITY

- समूह,मुल समिति र संजाल संस्थाको निति बनाउन श्रोतको खोजिको लागि प्रस्तावपत्र विकास, रणनितिक योजना र भावि योजना बनाउन सहजिकरण गर्ने
- समुदायका लक्षित वर्गको सवालमा पैरवि गर्न सहजिकरण गर्ने ।
- समुह,मुल समिति र संजाल संस्थाले तयार गरेको कार्ययोजना कार्यान्वयनका लागि बिभिन्न निकायसंग समन्वयगर्ने गराउने ।
- अनुगमनगरी प्रतिबेदन तयार गर्ने ।

**सेवा र सुबिधा : संस्थाको नियमानुसार**

इच्छुक उमेद्वारहरुले आफ्नो व्यक्तिगत बायोडाटा, निबेदन, आफ्नो ईमेल ठेगाना तथा दुईजना Reference व्यक्तिको नाम र सर्म्पक नम्वर सहित मिति २०७९/५/२७ गते (तदनुसार 12 September 2022) भित्रमा **कार्यकारी निर्देशक, सहास नेपाल, पो.बक्स नं.८९७५, केन्द्रिय कार्यालय, सानेपा ललितपुर** वा ईमेल sahasnepalvacancy@gmail.com मा दरखास्त पठाउन सकिने छ ।

*(**नोटः**सम्वन्धित नगर तथा गाउँपालिका र जिल्लाका स्थानीय महिला, दलित तथा पिछडिएका वर्गहरुलाई प्राथमिकता दिइने छ । छोटो सुचि छनौटमा परेका निवेदकहरुलाई मात्र छनौट प्रकृयामा सहभागि गराइने छ । छनौट गर्ने सम्पूर्ण अधिकार सम्बन्धित सँस्थामा निहित रहने छ ।)*